**<u>सार्वजनिक सेवा प्रवाह तथा संस्थागत विकास र सुशासन तर्फ</u>**

- सामाजिक सुरक्षा भत्ता वितरणको काम सम्वन्धित वडा कार्यालय तथा पायक पर्ने स्थानबाट वितरणको कार्यलाइ निरन्तरता दिइएको छ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नविकरण र दर्ताको कार्य थप व्यवस्थित भएको ।
- सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परीचय पत्र वडावाट वितरण र ३५ दिन भित्र घटना दर्ताको लगत थप व्यवस्थित गर्ने गरीएको ।
- जेष्ठ नागरीक तथा अपाङ्गता भएका व्यक्तिहरुको लगत महिला वालवालिका शाखामा अभिलेख राख्ने र अनलाईन घटना दर्ताका कार्यमा समस्या भएको अवस्थामा अनलाईन सहायता(एनीडेस्क)को माध्यमवाट समाधान गर्ने व्यवस्था गरीएको ।
- न्यायिक समितिद्वारा समयमै सेवाप्रदान तथा ४८ घण्टे मेलमिलापकर्ताका लागि तालिम सम्पन्न भएको छ।
- न्यायिक समितिलाई थप व्यवस्थित गर्न इजलाश कक्ष निर्माण गरी संचालनमा ल्याइएको र कानुनी सल्लाहकारको सहयोग लिई न्याय सम्पादनमा सहजीकरण गरीएको ।
- केही पूर्वाधार विकासका लागि डिपिआर तथा आई.ई.ई समेत गर्ने कार्यहरु गरीएका छन भने गाउँपालिकाको दोश्रो पञ्चवर्षिय आवधिक योजना २०८१।०८२ देखि २०८५।०८६ तथा मध्यमकालिन खर्च संरचना २०८१।०८२ देखि २०८३।०८४, दिगो विकास लक्ष्यका फाइदा आन्तरीकीकरण योजना २०८१ तथा गाउँपालिकाको लैगिंक समानता तथा सामाजिक समावेशीकरण निति २०८१ र लैगिंक समानता तथा सामाजिक समावेशीकरणको अवस्था परीक्षण कार्यको अन्तिम प्रतिवेदन छलफल को क्रममा रहेका छन ।
- अव्यस्थित वसोवासी तथा भूमिहिन दलितका लागि जग्गा वितरण गर्न नियन्त्रण विन्दु राख्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- गाउँपालिका क्षेत्रवरीपरी ल्यान्ड लाईन टेलीफोन र इन्टरनेट सुविधा विस्तार गरीएको छ ।यसलाई क्रमशः अन्यत्र पनि विस्तार गर्दै लगिने छ ।

**सामाजिक विकास**

**<u>स्वास्थ्य ,शिक्षा युवा तथा खेलकुद लैगिक समनता तथा समावेशीकरणतर्फ</u>**

- बंगलाचुली अस्पतालमा २ जना मेडिकल अधिकृत डाक्टरको व्यवस्था गरि अस्पत्तालको सेवालाई थप सुदृढ गरिएको छ ।
- हाँसीपुरमा स्वाथ्य चौकी भवन,खाडा र जरेझिगाँमा गाउँघर क्लिनिक निर्माण गर्नुका साथै हाँसीपुर आयुर्वेद अस्पत्ताललाई थप व्यवस्थित गर्दै लगिएको छ ।
- प्राथमिक स्वास्थ्य केन्द्र स्युजामा पनि डाक्टरको व्यवस्था गर्ने प्रयत्न जारी रहेको छ ।
- नियमित खोपका कार्यक्रमलाई प्रभावकारी ढङ्गले संचालन गरिएका छन् ।
- आधारभुत स्वास्थ्य केन्द्रमा र स्वास्थ्य चौकीमा आधुनिक सूचना प्रविधिमैत्री प्रतिवेदन प्रणाली लागु गर्न इन्टरनेट सेवा सुचारु गर्नुका साथै अतिआवश्यक इलोक्ट्रोनिकल सामानहरु उपलब्ध गराइएको छ ।
- १ देखि ३ कक्षा सम्म स्थानिय पाठ्यक्रमको पुस्तक तयार पार्ने काम भएको छ ।क्रमशः कक्षा ८ सम्म पुस्तक तयार पार्ने काम हुनेछ ।
- राष्ट्रपति रनिङ्गशिल्ड खेलकुद कार्यक्रमलाई प्रभावकारीरुपमा संचालन गरिएको छ ।
- सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमलाई जोडदिने उद्देश्यअनुरुप गणित र विज्ञानलाई अंग्रेजी भाषामा पठन पाठन गराउने काम जारिरहेको छ। यस वर्ष कक्षा दुईमा सुरु भएको छ भने क्रमशः माथिल्ला कक्षाहरुमा पनि लागु गरिने छ ।
- नयाँ कक्षा थप गरिएका आ.वि.हरुमा गाउँपालिका अनुदान दरवन्दि थप गरिएको छ ।
- शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रमहरु संचालन भएको ।
- विपन्न महिलाहरुका लागि छापडाडाँ तथा मुलावारीमा दुना टपरी वनाउने तालिम,वडा नम्वर ४ मा चप्पल बनाउने तालिम ,वडा नं ५ मा डल कुसन वनाउने एडभान्स तालिम तथा वडा नं २ मा क्रिष्टलको गहना र माला वनाउने तालिम सम्पन्न हुने चरणमा रहेका छन ।
- शिक्षा शाखाको सहकार्यमा कक्षा ५, ८ र १० मा अध्यापन गर्ने शिक्षकहरुलाइ नयाँ पाठ्यक्रममा आधारित २ दिने अभिमुखीकरण तालिमरअन्य विषयगत विभिन्न तालिमहरु सम्पन्न भएको ।
- नयाँ विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियामा करिब ३० वटा विद्यालयहरुमा उपस्थिति भइ सहजिकरणको लागि सहयोग गरिएको ।

